मिति २०७८/१२/२० गते बसेको यस गाउँकार्यपालिका बैठकका प्रस्तावहरु

१) स्मार्ट कृषि कार्यक्रम सञ्चालन सम्बन्धमा ।

२) नपुग रकम माग सम्बन्धमा र

३) आर्थिक सहयोग सम्बन्धमा ।

४) रकमान्तर सम्बन्धमा ।

५) वडा स्तरिय नागरिक आरोग्य समिती गठन सम्बन्धमा ।

६) शिक्षा शाखामा कर्मचारी व्यबस्थापन सम्बन्धमा ।

७) विविध ।

२०७८/१२/२०
राजु नेपाल
प्रमुख प्रशासकिय अधिकृत

निस्दी गाउँपालिका
गाउँपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

निर्णयहरु :

निर्णय नं. १- प्रस्ताव नं. १ माथि छलफल गर्दा स्मार्ट कृषि गाउँ कार्यक्रम सञ्चालन गर्न भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र पाल्पा र श्री काउलेडाँडा स्मार्ट बाख्रा पालन समिति बिच सम्झौता भई सञ्चालन भएको कार्यक्रममा श्री काउलेडाँडा स्मार्ट बाख्रा पालन समितिका सदस्यहरुको आर्थिक स्थिती कमजोर भएकाले सो उपभोक्ताद्वारा व्यहोर्ने रकम पालिकाद्वारा अनुदान दिने निर्णय गरियो ।

निर्णय नं. २- प्रस्ताव नं. २ माथि छलफल गर्दा परिवार कल्याण कार्यक्रम अन्तर्गत मातृ तथा नवशिशु कार्यक्रम अन्तर्गत बर्थिङ सेन्टरमा कार्यरत नर्सिङ स्टाफ खर्च रु.६३९००।– विनियोजन भएको र यस पालिकामा ७ वटै स्वास्थ्य संस्थामा २४ घण्टा सेवाको लागि नर्सिङ स्टाफ राखिएको हुदा नपुग रकम रु.१९६४५१०।–निकासा गरिदिनको लागि परिवार कल्याण माहाशाखामा पठाउने निर्णय गरियो ।

निर्णय नं. ३- प्रस्ताव नं. ३ माथि छलफल गर्दा श्री राष्ट्रिय स्वास्थ्यकर्मी संघ पाल्पालाई रु. ३००००।– र श्री अखिल नेपाल महिला संघलाई रु.२५०००।– आर्थिक सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. ४- प्रस्ताव नं. ४ माथि छलफल गर्दा निस्दी गाउँपालिका र हेफर प्रोजेक्ट नेपालको साझेदारीमा सञ्चालित निस्दी कृषि तथा पशु उद्यमशिलता विकास परियोजनाको केही शिर्षकहरुमा विनियोजित बजेट खर्च नहुने देखिएकोले तपसिल बमोजिमका शिर्षकमा रकमान्तर गर्ने निर्णय गरियो । तपसिल :

| रकमान्तर गरि घटाउने शिर्षक | रकम घटाउने शिर्षकको कोड | रकमान्तर गर्ने शिर्षकमा रहेको जम्मा रु | रकमान्तर गरि घटाउनु पर्ने रकम रु. | रकम थप गर्नुपर्ने शिर्षक | थप गर्ने शिर्षकको कोड |
|---|---|---|---|---|---|
| बंगुर खरिद (Swine Placement) | 21A04 | १५००००० | ६२५००० | बोका खरिद (Buck Placement) | 21A02 |
| | | | ७०००० | सरोकारवालाहरुलाई | 43A01 |

राजु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | आधारशिला तालीम (Cornerstone training Stakeholder) | |
| बंगुर ढुवानी (Freight for Swine) | 21A13 | १००००० | १५००० | बोका ढुवानी ( Freight for Buck) | 21A12 |

निर्णय नं. ५- प्रस्ताव नं. ५ माथि छलफल गर्दा वडा अध्यक्षहरुको रोहवरमा कार्यविधि मातहत रही वडा स्तरिय नागरिक आरोग्य समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६- प्रस्ताव नं. ६ माथि छलफल गर्दा शिक्षा शाखामा कार्यरत प्राविधिक सहायकको सरुवा भई दरवन्दी रिक्त भएको हुनाले श्री जीवनज्योती आ.वि. मा कार्यरत श्री लिल बहादुर रासलाई अर्को व्यबस्था नभए सम्मको लागि उक्त पदमा काम गर्ने गरि गाउँ कार्यपालिकाको कार्यालयमा काजमा ल्याउने र निजको सट्टामा एक जना सट्टा शिक्षक विद्यालयलाई उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ७- प्रस्ताव नं. ७ माथि छलफल गर्दा. दलित समन्वय समितिद्वारा सिफारिस गरिएको कार्यक्रमहरु सञ्चालनको लागि अनुमती दिने निर्णय गरियो । अर्चले आँखा शिविर सञ्चालनार्थ रु.११०००।– विविध शिर्षकवाट खर्च गर्ने निर्णय गरियो ।

२०७८/१२/२०
राजु नेपाल
प्रमुख प्रशासकिय अधिकृत